(दफा २० को उपदफा (४) सँग सम्बन्धित)
कंपनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# धौवादी फलाम कम्पनी लिमिटेडको
# प्रवन्धपत्र

१. **कम्पनीको नामः** यस कम्पनीको नाम **धौवादी फलाम कम्पनी लिमिटेड** हुनेछ । यसको नाम अँग्रेजीमा Dhaubadi Iron Company Limited हुनेछ र यसलाई छोटकरीमा **(DICL)** भनिने छ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं उपत्यकाभित्र रहने छ। आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायबाट स्वीकृति लिई फलाम उत्पादनका लागि सहायक कम्पनी र उत्पादित वस्तुको विक्री, वितरण गर्न आवश्यकता अनुसार स्वदेशमा कर्पोरेट प्रादेशिक शाखा कार्यालय स्थापना गर्न सकिनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः** यस कम्पनीले फलाम खानीको उत्खनन, व्यावसायिक उत्पादन, अध्ययन अनुसन्धान र यससँग सम्बन्धित अन्य आवश्यक कार्यगर्ने छ।

४. **कम्पनीको उद्देश्यः**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः

क) नवलपरासी स्थित धौवादी क्षेत्रमा रहेको फलाम खानीको उत्खनन तथा प्रशोधन गरी व्यावसायिक उत्पादन गर्ने।

ख) उत्पादित वस्तुहरु स्वदेश र विदेशमा बिक्री वितरण गर्ने।

ग) फलाम खानी प्रशोधनको क्षेत्रमा अत्याधुनिक प्रविधिको प्रयोग गरी गुणस्तरयुक्त फलामजन्य विभिन्न वस्तु उत्पादन गर्ने।

घ) प्रचलित कानूनको अधिनमा रही कम्पनीमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गर्न संयुक्त लगानी सम्झौता गर्ने ।

ङ) विभिन्न कम्पनीहरुको संस्थापक भई वा नभई शेयर लगानी गर्ने गराउने ।

च) कम्पनीको उद्देश्यसँग सम्बन्धित विषयहरुमा आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यशाला, गोष्ठी, सेमिनार, तालिम, जनशक्ति विकासका कार्य सञ्चालन गर्ने/गराउने ।

छ) कम्पनीले नेपाल भित्र रहेका अन्य स्थानका फलाम खानीहरुबाट फलामको उत्खनन् र उत्पादन कार्य गर्ने/गराउने।

ज) उपरोक्त उद्देश्य प्रासिका लागि अन्य आवश्यक कार्य गर्ने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि कार्यान्वयन गरिनेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने वा लिजमा लिई प्रयोग गर्ने तथा व्यावसायिक प्रयोजनको लागि त्यस्तो चल अचल सम्पत्ति खरीद बिक्री गर्ने ।

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ,

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने र शर्त अनुसार चुक्ता गर्दै जाने ।

ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

च) कम्पनीलाई प्रत्यक्ष किसिमले फाइदा हुने प्राविधिक ज्ञान तथा सीपहरु र पूँजी उपलब्ध गराउने व्यक्ति वा निकायहरुसँग आवश्यक सम्झौता गर्ने ।

छ) कम्पनीको उद्देश्य प्राप्तिको कार्यमा कम्पनीलाई आवश्यक पर्ने विभिन्न किसिमका प्राविधिक, व्यावसायिक, आर्थिक र मानवीय संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था, कम्पनी र व्यक्तिहरुबाट सहयोग जुटाई आवश्यकता अनुसार सम्झौता गर्ने ।

ज) कम्पनीको उद्देश्य परिपूर्तिको लागि प्रचलित कानूनको अधिनभित्र रही आवश्यक अन्य कार्य गर्ने गराउने ।

झ) कम्पनीको व्यावसायिक हितका लागि बौद्धिक सम्पत्ति दर्ता गराई उपयोग गर्ने ।

ञ) प्रचलित कानूनको अधिनमा रही भौतिक सम्पत्तिको मर्मत सुधार वा दायित्व पूरा गर्न आवश्यक भैपरी कोष (Contingency Fund) लगायतका कोषहरु खडा गरी स्वीकृत नीति अनुसार जम्मा गर्ने ।

ट) कम्पनीको उद्देश्य र काम कर्तव्य नियमित र व्यवस्थित गर्न प्रचलित नेपाल कानूनको अधिनमा रही आवश्यक नियम, विनियम तथा निर्देशिका बनाई लागू गर्ने ।

ठ) नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन अनुसार कार्य गर्ने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

६. कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(१) कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/-(दश अर्ब) हुनेछ। उक्त पूँजीलाई रु. १०० का दरले रु.१०,००,००,०००/-(दश करोड) थान साधारण शेयरमा विभाजन गरिनेछ ।

(२) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ४,००,००,००,०००-/ (चार अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका रु. ४,००,००,०००-/ (चार करोड) थान साधारण शेयर मा विभाजन गरिएको छ।

(३) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी देहाय बमोजिम रु. ४,००,००,००,०००-/ (चार अर्ब) हुनेछः

| | |
|---|---|
| नेपाल सरकार | ५५% |
| निजी क्षेत्रका संस्थापित कम्पनीहरु | ४५% |

(४) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजीको समूहगत वर्गीकरण देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) समूह "क" नेपाल सरकार | ५५% |
| ख) समूह "ख" निजी क्षेत्रका संस्थापित कम्पनीहरु | ४५% |

(५) समूह "क" अन्तरगत नेपाल सरकारलाई छुट्ट्याइएको शेयर रकम नेपाल सरकारले, कम्पनी संस्थापना पश्चात भुक्तानी गर्नेछ र सोही समयमा संचालक समितिले समूह "ख" अन्तरगत छुट्ट्याइएको ४५% शेयर इच्छुक निजी क्षेत्रका संस्थापित कम्पनीहरुलाई शेयर बाँडफाँड गरी भुक्तानी गर्ने व्यवस्था गर्नेछ ।

(६) संचालक समितिले प्रचलित कानूनको अधिनमा रही उपदफा ४ मा उल्लिखित शेयर संरचनामा संशोधन गरी उपयुक्त शेयर स्वदेशी संस्थापित कम्पनी, विदेशी संस्थापित कम्पनी समेतलाई दिन सक्नेछ ।

(७) जुन समूहको शेयर खरिद, नामसारी, दाखिल खारेज भई हक कायम भएको हो, सो हक प्राप्त गर्ने व्यक्तिलाई सोही समूहमा राखिनेछ ।

(८) नेपाल सरकारलाई समुह (क) अन्तरगत छुट्टाइएको शेयर मध्येबाट नेपाल सरकारले ५% (पाँच प्रतिशत) शेयरमध्ये गण्डकी प्रदेश सरकारको निमित्त ३% र सम्बन्धित स्थानीय तहको सहभागिताको निमित्त २% बाँडफाँड गरिनेछ।

(९) निजीक्षेत्रलाई छुट्याइएको समुह (ख) अन्तरगत शेयरलाई १०० प्रतिशत गणना गरी सो को १० प्रतिशत कम्पनीले प्रभावित स्थानीय सम्बन्धित वडाका बासिन्दालाई बाँडफाँड गर्नेछ ।

(१०) माथि समुह (क) र (ख) अन्तरगत छुट्याइएको शेयर संरचनामा सहभागी हुन आव्हान गर्दा सहभागीता हुन नसकेको खण्डमा संचालक समितिले सोही समुहका इच्छुकलाई बाँडफाँड गर्नेछ ।

७. कम्पनीको शेयरको किसिमः

१) कम्पनीले हाल साधारण शेयर मात्र जारी गर्नेछ ।

२) तत्काल अग्राधिकार जारी गरिने छैन ।

३) हाल कुनै अन्य प्रकारको शेयर जारी गरिएको छैन । पछि साधारण शेयर बाहेकका अन्य शेयरहरु जारी गर्नुपर्ने भएमा साधारण सभाबाट निर्णय गरी सम्बन्धित कार्यालयबाट स्वीकृति प्राप्त गरी सोहि बमोजिम विभिन्न प्रकारका शेयरहरु जारी गर्ने र विभिन्न प्रकारका शेयरबालहरुको अधिकार तथा शर्तका कुराहरु संचालक समितिले तोक्ने छ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुराः**

१) देहायको अवस्थामा शेयर खरिद तथा हस्तान्तरणमा बन्देज लगाइने छः

क) शेयर वापत माग भएको रकम चुक्ता नगरेसम्म,

ख) प्रथम वार्षिक साधारण सभा नभएसम्म,

तर कम्पनीमा जगेडा रहेको शेयर बिक्री गर्न प्रथम साधारण सभा हुन आवश्यक पर्ने छैन । सञ्चालक समितिले उपयुक्त विधिबाट त्यस्ता जगेडा शेयर बिक्री गर्न सक्नेछ ।

ग) संस्थापक शेयरधनीहरुले नलिने भनी लिखित सहमति नदिएसम्म,

घ) सम्बन्धित निकायले निश्चित अवधि तोकी रोक्का गरेकोमा सो अवधि पूरा नभएसम्म ।

९. **शेयर वापतको रकमको भुक्तानीः**

१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

२) शेयर वापत कम्पनीले माग गरेका रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. दायित्व सीमित हुनेः यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. अन्य आवश्यक कुराहरुः

१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ ।

२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्न पाउने छैन ।

३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन।

४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने सम्बन्धमा तत्काल कुनै व्यवस्था गरिएको छैन र आवश्यकतानुसार सञ्चालक समिति र साधारण सभाले तोकी अनुमोदन गरिदिए बमोजिम हुनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरण सम्बन्धमा दफा ८ बमोजिम हुने छ ।

१२. कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने ।

१३. **प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्थाः** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ।

१४. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः** यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१५. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः**

हामी **धौवादी फलाम कम्पनी लिमिटेडका** संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| सि नं | संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता को प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता को प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय | | | १,००,००,००० | | |
| २. | नेपाल सरकार अर्थ मन्त्रालय | | | ५०,००,००० | | |
| ३. | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | | | २५,००,००० | | |

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | महालेखा नियन्त्रकको कार्यालय | | | २५,००,००० | | |
| ५. | खानी तथा भूगर्भ विभाग | | | २०,००,००० | | |
| ६. | निजी क्षेत्रका संस्थापित कम्पनीहरुका तर्फबाट | | | १,८०,००,००० | | |
| जम्मा | | | | ४0,000,000 | | |

इति संवत् २०७६ साल ४ महिना २० गते रोज ......... शुभम्

❖ प्रदेश र स्थानीय तहलाई छुट्याइएको शेयरको बाँडफाँड गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट समायोजन गरी मिलान गरिनेछ ।

सहायक रजिष्ट्रार

(दफा २० को उपदफा (४) सँग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

**धौवादी फलाम कम्पनी लिमिटेडको**
नियमावली

परिच्छेद - १
प्रारम्भिक

सहायक रजिष्ट्रार

१. **कम्पनीको नामः** यस कम्पनीको नाम यस कम्पनीको नाम **धौवादी फलाम कम्पनी लिमिटेड** हुनेछ । यसको नाम अँग्रेजीमा Dhaubadi Iron Company Limited हुनेछ र यसलाई छोटकरीमा (DICL) भनिने छ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालयः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं उपत्यकाभित्र रहने छ। आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायबाट स्वीकृति लिई स्वदेशमा कर्पोरेट प्रादेशिक शाखा कार्यालयहरु स्थापना गर्न सकिनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ ।

ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

ग) "कम्पनी" भन्नाले धौवादी फलाम कम्पनी लिमिटेड सम्झनुपर्छ ।

घ) "पदाधिकारी" भन्नाले कम्पनीको संचालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर सम्झनुपर्छ र सो शव्दले कम्पनीको विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेतलाई जनाउँछ ।

ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनुपर्छ ।

च) "संस्थापक" भन्नाले कम्पनीको संस्थापना गर्नको लागि कार्यालय समक्ष दाखिला गरिने प्रबन्धपत्र तथा नियमावलीमा लेखिएको कुरालाई मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनुपर्छ ।

छ) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।

ज) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।

झ) "विवरणपत्र" भन्नाले कम्पनीको विवरणपत्र सम्झनु पर्छ ।

ञ) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

ट) "शेयरधनी" भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

ठ) "डिवेन्चर" भन्नाले कम्पनीको जायजेथा धितो राखी वा नराखी कम्पनीले जारी गरेको ऋण-पत्र सम्झनु पर्छ ।

ड) "दर्ता किताव" भन्नाले ऐनको दफा ४६ बमोजिम खडा गरिएको शेयरधनी वा डिवेन्चरवालाको दर्ता किताब सम्झनु पर्छ ।

ढ) "धितोपत्र बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

ण) "धितोपत्र" भन्नाले कमपनीले जारी गरेको शेयर, वण्ड, डिवेन्चर सम्झनु पर्छ र सो शब्दले धितोपत्रको धरौटी सम्बन्धी भर्पाई तथा धितोपत्र सम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँछ ।

त) "सञ्चालक" भन्नाले कम्पनीको संचालक सम्झनु पर्छ र सो शब्दले वैकल्पिक संचालक समेतलाई जनाउँछ।

थ) "समिति" भन्नाले कम्पनीको संचालक समिति सम्झनु पर्छ ।

द) "स्वतन्त्र सञ्चालक" भन्नाले ऐनको दफा ८६ को उपदफा (३) बमोजिम नियुक्त स्वतन्त्र संचालक सम्झनु पर्छ ।

४. **कम्पनीको उद्देश्यः** कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद — २
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्यः** यस कम्पनीको शेयरको अंकित मूल्य रु. १०० हुनेछ ।

६. **शेयरमा लियन रहने कुराः** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरुः**

१) यस कम्पनीमा साधारण शेयर बाहेक अन्य वर्गका शेयरको व्यवस्था हाललाई गरिएको छैन ।

२) साधारण शेयरको समूहगत संरचना प्रवन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिनेः** हाल साधारण शेयर बाहेक अन्य वर्गका शेयर नभएको र सो सम्बन्धी व्यवस्था लागू गर्नु परेको खण्डमा प्रचलित कानूनको अधिनमा रही विभिन्न वर्गका शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने छ।

९. **अग्राधिकार शेयरः** हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने छ ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

१०. **संस्थापकले लिनु पर्ने शेयरः** कम्पनीको संस्थापक हुन कम्तिमा १०,००,०००/- (दश लाख) कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्थाः** कम्पनीले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितो बन्धक सम्बन्धी व्यवस्थाः**

१) कम्पनीको शेयर चल सम्पति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सकिनेछ ।

२) शेयर विक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३. **शेयरको प्रमाण पत्रः** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक समितिले तोकेको सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये कुनै दुई जनाले संयुक्त दस्तखत रहने छ ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुराः** प्रथम साधारण सभा हुनुभन्दा अगावै सञ्चालक समितिले कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिने छ । प्रथम साधारण सभा पश्चात भने सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्थाः**

१) कम्पनीले ऐनको अधिनमा रही आफ्नो आफ्नो शेयर आफैं खरिद गर्न सक्ने छ।

२) कम्पनीले प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही तोकिए बमोजिमको प्रतिशत सम्ममात्र आफ्नो शेयर आफैं खरिद गर्नसक्ने छ ।

१६. **ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्थाः**

१) कम्पनीले प्रचलित कानूनको अधिनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।

२) जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिबेञ्चर उठाउन सक्ने छैन ।

३) कम्पनीले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सोलाई साधारण सभाले अनुमोदन गरी कार्यालयबाट स्वीकृति प्राप्त भएपछि लागू हुने छ ।

४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी कुनै शर्त भएमा सञ्चालक समितिले तोके बमोजिम हुने छ ।

५) कम्पनीको डिबेञ्चर अन्य चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ ।

६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धमा ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता कितावको निरीक्षणः** शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा १५ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण बन्द गर्न सक्नेछ ।

परिच्छेद — ३

साधारण सभा

१८. कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्थाः

(१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :

क) वार्षिक साधारण सभा,

ख) विशेष साधारण सभा ।

२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोवार गर्न स्वीकृति पाएको मितिले ३ महिनाभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गरिनेछ ।

३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ ।

४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा ५१ प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् ।

६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा १५ दिनको म्याद दिइ पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा ७ दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ।

७) साधारण सभा सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

१९. साधारण सभाको कार्यविधिः

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ ।

तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

३) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

६) तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये दुई तिहाई प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

७) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

८) कूल शेयर पूँजीको दुई तिहाई प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

९) कुनै खास विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

१०) साधारण शेयरधनी बाहेक अन्य वर्गको शेयरको व्यवस्था गरिएको छैन ।

११) सभाका सम्बन्धमा अन्य कुरा ऐनको अधिनमा रही सञ्चालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषयः** ऐनमा उल्लेख भएको विषय वाहेक साधारण सभामा अन्य कुनै विषय नभएको र पेश गर्नु पर्ने देखिएमा सञ्चालक समितिले निर्णय गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम व्यवस्था गर्न सकिने छ ।

२१. **विशेष प्रस्तावः** ऐनमा उल्लेख भएको विषय वाहेक साधारण सभामा अन्य कुनै विषय नभएको र पेश गर्नु पर्ने भएमा सञ्चालक समितिले निर्णय गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम व्यवस्था गर्न सकिने छ ।

२२ . **विशेष साधारण सभाः** ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **गणपूरक संख्याः** बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२४. प्रोक्सी मत सम्बन्धी व्यवस्थाः

१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

३) प्रतिनिधि (प्रोक्सी) मार्फत् मतदान गर्न पाउनेछ ।

४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा तोकिएको छैन ।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. **मतदानः**

१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

२) फरक मताधिकार भएका शेयरहरु हाल व्यवस्था गरिएको छैन ।

३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।

५) सञ्चालक निर्वाचन गर्दा प्रत्येक समूहबाट सर्वसम्मत वा मतदान प्रकृयाद्वारा गरिने छ ।

६) कुनै एक समूहको शेयरधनीले अर्को समूहबाट प्रतिनिधित्व गर्न पाउने छैन।

२६. **साधारण सभाको निर्णय विवरणको अभिलेखः**

१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ। कुनै कारणले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ।

२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

३) कम्पनीको साधारण सभाको निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समयभित्र हेर्न सक्नेछन् ।

## परिच्छेद — ४
## सञ्चालक समिति

२७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकालः**

१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर नेपाल सरकारबाट प्रतिनिधित्व गर्ने सञ्चालकको नियुक्ति नेपाल सरकारबाट हुनेछ ।नेपाल सरकारले साधारण सभा नभएसम्म उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानी तथा भूगर्भ विभाग र महालेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

२) पहिलो पटक साधारणा सभा नभएसम्म कम्पनीको सञ्चालक समितिमा देहायबमोजिमका सञ्चालक सदस्यहरु रहनेछन् :

क) समूह "क" नेपाल सरकारबाट मनोनित अध्यक्ष सहित ४ (चार) जना

१. उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय,

२. अर्थ मन्त्रालय,

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं



नेपाल सरकार
... कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,

४. खानी तथा भूगर्भ विभाग

ख) समूह "ख" संस्थागत निजी क्षेत्रबाट २ (दुई) जना

घ) स्वतन्त्र विशेषज्ञ सञ्चालक १ (एक) जना

३) सञ्चालकहरुको कार्यकाल बढीमा ४ वर्षको हुनेछ । तर समूह (क) बाट नियुक्त सञ्चालकलाई यो व्यवस्था लागू हुने छैन ।

४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

६) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

७) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म पहिलो पटकको हकमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ७ (सात) सदस्यीय संचालक समिति गठन गर्नसक्ने छ ।

८) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा पश्चात समूह "ख" र "ग" का सञ्चालकहरुको नियुक्ति साधारण सभाबाट हुनेछ ।

२८. **सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्याः** यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तिमा १०,००,००० (दश लाख) कित्ता शेयर लिएको हुनु पर्नेछ ।

तर नेपाल सरकार, स्वतन्त्र तथा विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. **शेयरधनी बाहेक अन्य कुनै स्वतन्त्र र व्यावसायिक व्यक्तिलाई संचालक नियुक्त गर्ने भए निजहरुको संख्या कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्वन्धी व्यवस्थाः**

१) कम्पनी ऐन, २०६३, यस नियमावली बमोजिम संचालक हुन तोकिएका योग्यता पुगेका व्यक्तिहरुवाट एक जना स्वतन्त्र विशेषज्ञ संचालक नियुक्त गर्न सकिनेछ ।

२) स्वतन्त्र तथा विशेषज्ञ संचालकको नियुक्तिको लागि संचालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जतिजना स्वतन्त्र संचालक नियुक्ति हुने हो सो को संख्याको कम्तिमा थप ३ जना योग्य व्यक्तिहरुको नाम स्वतन्त्र विशेषज्ञ संचालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नुपर्नेछ ।

नेपाल सरकार मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

३) स्वतन्त्र तथा विशेषज्ञ संचालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट गरिनेछ ।

४) स्वतन्त्र तथा विशेषज्ञ संचालकको काम, कर्तव्य, जवाफदेही, तथा सुविधा अन्य संचालकहरुको सरह हुनेछ।

५) स्वतन्त्र तथा विशेषज्ञ संचालकको कार्यकाल बढीमा चार वर्षको हुनेछ ।

३०. संचालक पुनः नियुक्ति हुन सक्ने वा नसक्नेः संचालकको योग्यता र एक पटक संचालक भई सकेको व्यक्ति पुनः संचालकमा नियुक्त हुन सक्नेछ ।

३१. संचालक नियुक्ति सम्बन्धी कनै खास व्यवस्था भए सो खुलाउनेः संचालक नियुक्ति सम्बन्धी व्यवस्था निम्न बमोजिम रहेको छ ।

१) यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०,००,००० (दश लाख) कित्ता शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर बन्धकमा रहेको हुनु हुँदैन । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२) देहायका कुनै व्यक्ति संचालकको पदमा नियुक्ति हुन सक्ने छैनः

क) एक्काइस वर्ष उमेर नपुगेको,

ख) मगज विग्रेको वा बहुलाएको,

ग) दामासाहीमा परी पाँच वर्षको अवधि पूरा नभएको,

घ) भ्रष्टाचार वा फौजदारी कसुरमा सजाय पाएको,

ङ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसुरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,

च) सम्बन्धित कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको,

छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको संचालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको र कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,

ज) कम्पनीलाई रकम बुझाउन बाँकी रहेको अवस्थामा त्यस्तो शेयरधनी,

झ) कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको संचालक रहेको ।

३) देहायका कुनै व्यक्ति स्वतन्त्र संचालकको पदमा नियुक्त हुन सक्ने छैनः

क) नियम ३१(२) मा लेखिए बमोजिमको व्यक्ति,

ख) सम्बन्धित कम्पनीको शेयरधनी,

ग) कम्पनीको पदाधिकारी, लेखापरीक्षक, कर्मचारी वा त्यस्तो कुनै पदमा अवकाश प्राप्त गरेको तीन वर्ष पुरा नभएको,

घ) कम्पनीको पदाधिकारीको नजिकको नातेदार (तीन पुस्ता भित्रको),

ङ) कम्पनीको लेखापरीक्षक वा निजको साझेदार,

४) देहायको अवस्थामा कुनै व्यक्ति संचालकको पदमा वहाल रहने छैनः

क) स्वतन्त्र संचालकको हकमा नियम ३१ (३) मा लेखिए बमोजिम नियुक्त हुन नसक्ने अवस्थामा भएमा,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

ख) साधारण सभाले संचालकको पदबाट हटाउने प्रस्ताव दुई तिहाईले पारित गरेमा,

ग) संचालकले आपनो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

घ) कम्पनीको काम, कारवाहीमा वेइमानी वा वदनियत गरेको कसुर अदालतबाट ठहर भएमा,

ङ) प्रचलित कानून बमोजिम संचालकले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेको वा गर्नुपर्ने भनि तोकिएको कार्य नगरेको भनि अदालतबाट दोषी ठहर भएमा,

च) प्रचलित कानून बमोजिम बैंक वा वित्तीय संस्थाको ऋण नतिरी अधिकार प्राप्त निकायले कालो सुचीमा राखी, कालो सुचीमा कायमै रहेको वा कालो सुचीवाट हटेको ३ वर्ष पुरा नभएमा,

ङ) वहाल रहेको पदाधिकारीको पदावधि समाप्त भएमा,

३२. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:** (१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।

३३. **सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरुः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरु ऐन तथा प्रचलित कानून एबम यस नियमावलीमा उल्लेख भए बमोजिम र नभएकोमा साधारणा सभाले तोकिदिए बमोजिम हुनेछन् ।

३४. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:** (१) प्रचलित ऐन तथा कानूनको अधिनमा रही सञ्चालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

२) प्रचलित ऐन तथा कानूनको अधिनमा रही सञ्चालक समितिले विषय, व्यक्ति, उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सकिने छ ।

३५. **प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था:** (१) हाल प्रवन्ध सञ्चालकको गरिएको छैन ।

३६. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था:**

(१) समितिले कम्पनीको दैनिक कार्य संचालन तथा व्यवस्थापनका लागि एक जना प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।

(२) समितिले शैक्षिक योग्यता, अनुभव लगायत नियुक्तिको प्रकृया निर्धारण गरी आवश्यक नियम वनाई प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त पदाधिकारी कुन प्रकृयाबाट नियुक्त गरिएको हो, शैक्षिक योग्यता र सेवा शर्तहरु लगायतका विषय के रहेका थिए भन्ने वारेमा नियुक्त भएको सात दिनभित्र नेपाल सरकार उद्योग, वाणिज्य आपूर्ति मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ । तर कम्पनी स्थापना पछि पहिलो पटक नियुक्त हुने प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक योग्यता तोकी वार्ताबाट सोझै नियुक्त गर्न सकिनेछ ।

(४) प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख प्रशासकीय अधिकारी हुनेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

कम्पनी रजिस्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

(५) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार बर्षको हुनेछ र निज अर्को एक पटक चार बर्षको अवधिको लागि पुनः नियुक्ति हुन सक्नेछ ।

(६) प्रमुख कार्यकारी अधिकृतको सेवा, शर्त र सुविधा संचालक समितिले तोके बमोजिम हुनेछ।

(७) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कम्पनीको दैनिक कार्य संचालन तथा व्यवस्थापन गर्ने/गराउने,

(ख) कम्पनीका कर्मचारीहरु लगायत मानव श्रोतको रेखदेख गर्ने, नियन्त्रण गर्ने, निर्देशन दिने,

(ग) कम्पनीको प्रगति तथा सर्वोत्तम हितका लागि आवश्यक योजनाहरु तर्जुमा गरी संचालक समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

(घ) संचालक समितिले निर्णय अनुसार कम्पनीको लागि आवश्यक प्राविधिक तथा अप्राविधिक कर्मचारी नियुक्त गर्ने,

(ङ) कर्मचारी नियमावली अनुसार कर्मचारीहरुको सेवा, शर्त, सुविधा, पदोन्नती, पदपूर्ति वृति विकास, अवकाश तथा विभागीय कार्यवाही आदि मानव श्रोत व्यवस्थापन गर्ने गराउने,

(च) कम्पनीको तर्फबाट गर्नुपर्ने सम्झौता, मञ्जुरीनामा, मुद्दा मामिला तथा भैपरी आउने अन्य कार्यहरु गर्ने गराउने,

(छ) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली र अन्य प्रचलित कानूनको अधीनमा रही कम्पनीको सम्पूर्ण कार्यहरु गर्ने गराउने,

(ज) संचालक समिति वा साधारण सभाबाट भएको निर्णय कार्यान्वयन गर्ने गराउने,

(झ) प्रत्येक आर्थिक वर्षका लागि कार्यक्रम, लक्ष्य तथा बजेट निर्धारण गरी संचालक समितिबाट स्वीकृत गराई कार्य संचालन तथा बजेट खर्च गर्ने गराउने,

(ञ) कम्पनीको कोषको लगानी नीति अनुरुप लगानी गर्ने गराउने,

(ट) अन्य आई पर्ने सम्पूर्ण कामकाज तदारुकताका साथ सुचारु रुपले संचालन गर्ने गराउने,

(ठ) कम्पनीको कार्य प्रगति प्रतिवेदन समय-समयमा संचालक समितिमा पेश गर्ने,

(ड) आफुलाई प्राप्त अख्तियारी आवश्यकता अनुसार आफू मातहतका कर्मचारीहरुलाई प्रत्यायोजन गर्ने,

(८) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त संचालक समिति प्रति उत्तरदायी हुनेछ ।

(९) यस नियम बमोजिम नियुक्त भएको प्रमुख कार्यकारी अधिकृतले कम्पनीको हित विपरित कार्य गरेमा वा आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा निजको कार्यक्षमता राम्रो नभएमा समितिले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ, तर यसरी पदमुक्त गर्नु अघि सफाइको मौकाबाट <u>बञ्चित</u> गरिने छैन

३७. सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने:

१) सञ्चालक समितिको बैठक अध्यक्ष स्वयंले वा अध्यक्षको आदेशमा आदेशमा कम्पनी सचिव वा कार्यकारी प्रमुखले बोलाउने छ।

२) कम्पनीमा दर्ता गरिएको संचालकको ठेगानामा पठाइएको बैठक सम्बन्धी सूचना बैध सम्झनुपर्छ । त्यस्तो सूचना विद्युतिय संचार माध्यमबाट पनि पठाउन सकिने छ ।

३८. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि :

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले १५ दिनभित्र सञ्चालक समितिको बैंठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार (इमेल, फ्याक्स इत्यादि) माध्यमबाट दिन सकिनेछ ।

३) सञ्चालक समितिको बैंठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

४) सञ्चालकहरुको कूल संख्याको कम्तीमा ५१ प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. **सञ्चालक समितिको निर्णयको अभिलेख:**

(१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरवदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद — ५
## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. **कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण:**

१) कम्पनीको लेखा तथा हिसावकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताब लेखापरीक्षण गराउनेछ ।

४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसावकिताव र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्वोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

६) कम्पनीको अद्यावधिक हिसावकिताव कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनुपर्नेछ ।

४१. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था:** ऐनको दफा १६४ बमोजिम एक लेखापरिक्षण समिति रहने छ । लेखापरिक्षण समितिको काम, कर्तव्य र अधिकार ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

## परिच्छेद — ६
## विविध

४२. **लाभांश सम्बन्धी व्यवस्था:**

१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

२) अन्तरिम लाभांश वितरण गर्ने वा नगर्ने हो सो कुरा खुलाउने ।

३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३. **शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचनाः** कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनी, सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सकिने छ ।

४४. **कम्पनी सचिवः** ऐनको अधिनमा रही कम्पनी सचिवको नियुक्ति गरिने छ । निजको पदावधि, सेवा शर्त र निजको काम, कर्तव्य र अधिकार संचालक समितिले तोके बमोजिम हुने छ।

४५. **कम्पनीको छापः** (१) कम्पनीको छाप प्रमुख कार्यकारी अधिकृत वा निज नभएको अवस्थामा कम्पनी सचिवको जिम्मामा रहने छ ।

२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असुल उपर गरिने छ ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्थाः** (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा सञ्चालक समितिले तोके बमोजिम दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

२) साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि, सञ्चालक समितिको निर्णयको प्रतिलिपि, शेयर प्रमाण पत्रको प्रतिलिपि, शेयरधनी वा डिवेञ्चरवालाको दर्ता कितावको प्रतिलिपि प्राप्त गर्न सञ्चालक समितिले तोके बमोजिम दस्तुर लाग्नेछ ।

४७. **कम्पनी गाभिने कुराः** (१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन तथा प्रचलित कानून बमोजिम अर्को <u>कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।</u>

२) कम्पनी अर्को कम्पनीसंग गाभिँदा, शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने शेयरधनीले साधारण सभामा यस्तो असहमति राख्न सक्नेछ र साधारण सभाले निजको हक हित कायम राख्नु पर्ने छ । साधारण सभाबाट निजको हक हित विरुद्धमा निर्णय गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

४८. **कम्पनीको खारेजीः** (१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

४९. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने ।

५०. **अन्य आवश्यक कुराहरुः** अन्य आवश्यक कुनै कुरा भए सो खुलाउने ।

५१. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्थाः** यस नियमावलीमा कुनै संशोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुनेः** यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

५३. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः** हामी.................. लि. का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौं ।

| सि. नं | संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता को प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता को प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय | | | १,००,००,००० | | |
| २. | नेपाल सरकार अर्थ मन्त्रालय | | | ५०,००,००० | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | | | २५,००,००० | | |
| ४. | महालेखा नियन्त्रकको कार्यालय | | | २५,००,००० | | |
| ५. | खानी तथा भूगर्भ विभाग | | | २०,००,००० | | |
| ६. | निजी क्षेत्रका संस्थापित कम्पनीहरुका तर्फबाट | | | १,८०,००,००० | | |
| जम्मा | | | | ४०,०००,००० | | |

इति संवत् २०७६ साल ४ महिना २० गते रोज ......... शुभम्

❖ **प्रदेश र स्थानीय तहलाई छुट्याइएको शेयरको बाँडफाँड गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट समायोजन गरी मिलान गरिनेछ ।**